


# भ्यागुताको जीवन चक्र

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र



# भ्यागुताको जीवन चक्र

क्रिस्ताबेल पिन्टो

यो किताब
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा मन्त्रालय
पााठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७३

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी)को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो। यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ। यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन्।

# हाम्रो भनाइ

बाल बालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइ सम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बाल बालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्य पुस्तकमा भएका विषय वस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा सेभ द चिल्ड्रेनले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो। प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बाल बालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ । अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७३

पाठ्यक्रम विकास केन्द्र

# विषय सूची


| | |
|---|---|
| भ्यागुता | ५ |
| अन्डा | ६ |
| चेपागाँडा | ७ |
| चेपागाँडाको विकास | ८ |
| वयस्क भ्यागुता | ९ |
| भ्यागुताको सम्पूर्ण जीवन चक्र | १० |
| शब्द-अर्थ | ११ |




## भ्यागुता

भ्यागुता उभयचर प्राणीको समूहमा पर्छ। उभयचर प्राणी पानी र जमिन दुवैमा बस्न सक्छन् । विभिन्न रूप पार गर्दै भ्यागुताको जीवन चक्र पुरा हुन्छ ।



## अन्डा

भ्यागुताले पानी वा ओसिलो ठाउँमा एकपटकमा हजारौँ अन्डा पार्छ । यी अन्डाका झुप्पालाई भ्यागुताको वंश भनिन्छ । यिनीहरू लेदो जस्तै वस्तुले घेरिएका हुन्छन् । तर, यी अन्डामध्ये केही अन्डा मात्र भ्यागुता बन्छन् । धेरैलाई भ्यागुता बन्नुभन्दा अघि नै माछा, सर्प, हाँस जस्ता प्राणीले खाइदिन्छन् ।





**चेपागाँडा**

अन्डा फुटेर सानो माछ्याको भुरा जस्तो चेपागाँडा निस्किन्छ । चेपागाँडाको लामो पुच्छर हुन्छ, जसबाट उनीहरूले सास फेर्छन् । निस्केको करिब एक हप्तापछि यिनीहरू पौडिन सक्छन् । यिनीहरू लेउ खाएर बाँच्छन् । अन्डा जस्तै यिनीहरूलाई पनि ठुला जीवले खाने खतरा हुन्छ ।

## चेपागाँडाको विकास

एक महिनापछि चेपागाँडामा फोक्सोको विकास हुन थाल्छ । यिनीहरूले जमिनमा पनि सास फेर्न सक्छन् । समयसँगै यिनीहरूको खुट्टा र पुच्छरको विकास हुँदै जान्छ र यिनीहरू पुच्छर भएको भ्यागुता बन्छन् । बिस्तारै यिनीहरूले पौडी खेल्न र किरा फट्याङ्ग्रा खान थाल्छन् ।






## वयस्क भ्यागुता

यिनीहरूको जीवन चक्र वयस्क भ्यागुता भएपछि पुरा हुन्छ । पहिला यिनीहरू पुच्छर भएको भ्यागुता जस्ता देखिन्छन् । पछि खुट्टा र जिउ बढ्दै जान्छ र फोक्सोले पुरै काम गर्न थाल्छ । वयस्क भएपछि भ्यागुता धेरैजसो जमिनमा बस्छ र किरा फट्याङ्ग्राहरू खान्छ ।

एक दिन उनीहरूले अन्डा पार्न थाल्छन् । अनि नयाँ भ्यागुता जीवन चक्र अघि बढ्छ ।

## भ्यागुताको समग्र जीवन चक्र

भ्यागुताको समग्र जीवन चक्र हेर । के तिमी तल उल्लिखित चरण पत्ता लगाउन सक्छौ ?



१. अन्डा
२. चेपागाँडा
३. वयस्क भ्यागुता
४. भ्यागुता

# शब्द–अर्थ



**लेउ** : पानीमा पाइने हरियो घाँस

**उभयचर** : जमिन र पानी दुवैमा बस्न सक्ने प्राणी

**चक्र** : गोलो घेरा, जसमा घटनाहरू दोहोरिइरहन्छन्

**झुप्पा** : भ्यागुताको अन्डाको समूह

**जीवनचक्र** : प्राणीको एउटा आकारबाट अर्को आकारमा परिवर्तन हुने चक्र

# पाठकका निम्ति प्रश्नहरू

१. तिमीहरू भ्यागुताको जीवन चक्र सम्झन सक्छौ ?

२. तिमीहरूले देखिरहेको अन्डा र भ्यागुताको अन्डामा के फरक छ ?

३. तिमीलाई चेपागाँडा हेर्न मन लाग्यो भने कहाँ हेर्छौ ? तिमीले चेपागाँडा देखेका छौ ?

४. अरू प्राणीको जीवन चक्र कस्तो होला ? केहीको भन्न सक्छौ ?